# भागेश्वर गाउपालिका

# स्थानीय राजपत्र

खण्ड १ भागेश्वर, वैसाख ०९ गते, २०७५ साल (संख्या ७)

## भाग २

## उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापन कार्यविधि,२०७४

प्रमाणीकरण मिति : २०७४/०५/१८

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५/०१/०९

Scanned by CamScanner

## भागेश्वर गाउँपालिकाको

## उपभोक्ता समितिको गठन, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०७४

उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा गाउँपालिकामा देहाय बमोजिमका प्रावधानहरु समेत पालना गर्नु पर्नेछ :-

१। उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्वन्धित आयोजना स्थलमा नै सात देखी एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२। स्थानीय तहका बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रुपमा स्थानीय तहको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन् ।

३। उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव, र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्ने छ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुने गरी गर्नुपर्नेछ ।

४। एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासगोलका परीवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन ।

५। उपभोक्ता समिति गठनगर्दा स्थानीय तहले तोकेको कर्मचारी वा सामाजिक परीचालकको रहोवरमा गर्नुपर्ने छ । यसरी खटिने कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

६। प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, सामाजिक परिचालक, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

७। उपभोक्ता समितिको गठन सर्वसम्मत तरीकाले गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएका कर्मचारी वा सामाजिक परिचालकले उपभोक्ता समिति गठन गरी सो को जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ ।

८। स्थानीय तहबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा १५ दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समय भित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य वैकल्पीक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

९। स्थानीय तहले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नु पर्ने सहभागीता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसंग योजना सम्झौता गर्नुपर्नेछ । नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय तहले योजना

Scanned by CamScanner

सम्झौता गरी निर्धारण गरे बमोजिम सहभागिता बराबरको काम गरेको प्राविधिक मुल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतीको आधारमा आयोजनाको लागि स्थानीय तहले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ ।

१०। यस बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनु पुर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाईने छैन । उपभोक्ता समितिले गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

११। तोकिएको काम भन्दा वढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आईटमको सट्टा अर्को आईटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सुचिमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नुपर्नेछ ।

१२। उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्री परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रकृया, पारदर्शिता, अनुगमन सम्बन्धि व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनु पुर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सन्चालन गर्नुपर्नेछ ।

१३। उपभोक्ता समितिको खाता संयुक्त दस्तखतबाट सन्चालन हुनेछ । खाता सन्चालकहरुको तिन पुस्ते खुलाई आयोजना खाता र स्थानीय तहमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

१४। उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूचि वमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यन्वयन गर्ने निकाय वा संघ संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

१५। उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले आफ्नो खाताबाट पचास हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक वा वित्तिय संस्थामार्फत गर्नुपर्नेछ ।

१६। सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समुह, कृषि समुह, सामुदायिक संगठन आदी ) कार्यक्रम वा आयोजना सन्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सन्चालन गर्न सकिने भएमा त्यस्ता समुह मार्फत कार्यक्रम सन्चालन गर्न सकिनेछ ।

१७। उपभोक्ता समिति मार्फत सन्चलन गरिने आयोजनाहरु श्रममुलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ ।

१८। श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही वमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरीएको रकम मुल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने छ ।

१९। आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तिय प्रगती प्रतिवेदन अनुसूचिको ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(लोकेन्द्र सिंह नेगी)
कार्यकारी अधिकृत



Scanned by CamScanner

२०। स्थानीय तहले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समिति , सामुदायिक संस्था एवम् गैर सरकारी संघ संस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

२१। उपभोक्ता समिति संग सम्झौता गर्नु अगाडी स्थानीय तहको योजना शाखा वा योजना सम्बन्धि काम गर्ने कर्मचारीले प्रचलित कानुन, कार्यविधि, निर्देशिका वमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए वमोजिम गर्नुपर्ने छ ।

२२। स्थानीय तह र उपभोक्ता समिति बिचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्वन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नु पर्ने विषय आदि उल्लेख गर्नुपर्दछ ।

२३। उपभोक्ता समितिलाई सम्बन्धित स्थानीय तहले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ । स्थानीय तहवाट प्राविधिक सेवा उपलब्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकीएको खर्चको सिमाभित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सहयोग लिन सक्नेछ ।

२४। उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समुहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माणकार्य सम्बन्धित स्थानीय तहको तर्फबाट तोकीएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय श्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

२५। उपभोक्ता समितिले मासिकरुपमा बैठक बस्नु पर्ने, बैठकबाट भएको निर्णय सम्वन्धीत स्थानीय तहलाई जानकारी गराउने, आयोजना संचालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफुले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्बन्धित सम्पुर्ण खर्चहरुको विल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको विवरण स्थानीय तहमा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समिक्षाको लागि उपभोक्ता समुहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो वैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्बन्धित स्थानीय तहमा प्रस्तुत गर्ने आदी कार्य सम्पादन गर्नुपर्नेछ ।

२६। उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य सुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनीक परिक्षण गरेको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा प्रस्तुत गर्नुपर्दछ ।

२७। उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनुपर्ने छ । यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्बन्धित स्थानीय तहले सो विषयमा सत्य तथ्य बुझि उपभोक्ता समितिको पुनः गठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

२८। उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

२९। उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछ्यौंट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्यांकन, सम्झौता अनुसारको नापजांच र मुल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपी समेत राखी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्ने छ । यस विवरणको आधारमा अघिल्लो



लोकेन्द्र सिंह नेगी
कार्यकारी अधिकृत

Scanned by CamScanner

किस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्रा अर्को किस्ता कायम गरी सोही बराबरको रकम उपलब्ध गराइने छ । उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने छ ।

३०। उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरि सम्बन्धित स्थानीय तहका प्रतिनिधीको रोहबरमा सार्वजनिक परीक्षण गराउनु पर्ने छ । फरफारकका लागी उक्त सार्वजनिक परीक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्ने छ । अन्तिम भुक्तानी दिँदा उक्त आयोजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाइलमा समावेश गर्नुपर्नेछ ।

३१। उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनहरुको कार्य सम्पन्न भए पछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्दछ । यसरी आयोजनाकाको हस्तान्तरण भएमा सम्बन्धित स्थानीय तहको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरि सम्बन्धित स्थानीय तहबाट स्वीकृत गरि लागु गर्न सकिने छ ।

३२। स्थानीय तह आफैले सञ्चालन गरेको वा उपभोक्ता समिति, गैरसरकारी संस्था लगायत अन्य सामाजिक संघ संस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठी, सेमिनार, अभिमुखिकरण कार्यक्रम कार्यशाला जस्ता कार्यक्रमहरुको भुक्तानी गर्दा उक्त कार्यक्रम सञ्चालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम सञ्चालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका कार्यक्रमा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी कार्यक्रम सञ्चालन गर्दाको अवस्थाका तस्वीरहरु सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाई र काजजात संग्लन गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्ने छ ।

३३। उपभोक्ता समितिले आयोजनाहरु सञ्चालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

३४। अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारी लाई गाउँ सभाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिने छ ।

३५। अनुगमन तथा सहजिकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नु पर्ने छ ।

क) उपभोक्ता समिति वा ठेक्का पट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना सञ्चालन वा कार्यन्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट कम्तिमा दुई जना महिला र वडा नागरिक मञ्चबाट एक जना प्रतिनिधि समेत रहने गरि पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नु पर्ने छ ।

ख) खण्ड क बमोजिमको समिति ठेक्का पट्टा बाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनु भन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समिति बाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनु पूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नु पर्ने छ । कार्यक्रमा वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नु पूर्व यस्तो समितिको सिफारिस आवश्यक पर्ने छ ।

ग) आयोजना सञ्चालनको क्रममा बाधा अवरोध आई परेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्ने तथा स्थानीय तहसंग गरेको सम्झौता र प्रचलित कानुन



(लोकेन्द्र सिंह नेगी)

Scanned by CamScanner

बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र स्थानीय तहलाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुने छ

घ) समितिले आयोजना सम्पन्न भएको सात दिन भित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ती सिफारिस गर्नु पर्ने छ । समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागी सिफारिस नगरेको कारणबाट प्रचलित कानुन बमोजिम भए गरेको कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरु अगाडी बढाउन बाधा परेको मानिने छैन ।

ङ) सम्बन्धित स्थानीय तहले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्न सक्ने छ । यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्ने छ ।

च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरि जानकारी लिने आयोजना सञ्चालनको क्रममा देखापरेका बाधा व्यवधान हटाउनको लागी उपयुक्त सुझाव सहितको सिफारिस सम्बन्धित उपभोक्ता समिति र स्थानीय तहमा पेश गर्ने तथा उपभोक्ता समितिले स्थानीय तहसंग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित स्थानीय तहमा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नु पर्ने छ ।

(लोकेन्द्र सिंह नेगी)
कार्यकारी अधिकृत

Scanned by CamScanner

आज्ञाले

खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner